# मंगलसेन नगरपालिका

# नगर खेलकुद व्यवस्थापन तथा संचालन सम्बन्धि कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०७/०६

**मंगलसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मंगलसेन, अछाम,**
सुदुरपश्चिम प्रदेश, नेपाल

Contact 097-620138, Fax no. 097-620138, Email: mmunicipalityachham@gmail.com, Websit:mangalsenmun.gov.np

**प्रस्तावना :**
नगर भित्र छरिएर रहेका युवाहरुलाई गोलबन्द गर्दै, उनीहरुको शारिरिक मानसिक विकासमा टेवा पुऱ्याउँदै, युवासँग जोडिएको दुर्व्यसनी जस्ता आम समस्या हटाउँदै, खेलकुद मार्फत सामाजिक सदभाव कायम गर्न/गराउन मात्र नभई व्यवसायिक खेलाडी उत्पादन गर्दै समृद्ध नगर निर्माणको महा अभियानलाई साथ/सहयोग प्रदान गर्न र खेलकुद मार्फत नगरलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा परिचित गराउन दक्ष, सक्षम एवम प्रतिस्पर्धी खेलाडी उत्पादन गर्ने महान उद्देश्यका साथ नगर खेलकुद सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई जारी गरिएको छ ।

## परिच्छेद - १
## नाम र परिभाषा

**१.संक्षिप्त नाम र प्रारम्भ :** यो कार्यविधीको नाम मंगलसेन नगरपालिकाको नगर खेलकुद संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७७" रहेको छ । यो कार्यविधी नगर राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :
(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।
(ख) "कार्यविधी" भन्नाले "मंगलसेन नगरपालिका, नगर खेलकुद संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधी, २०७५" भन्ने सम्झनु पर्छ ।
(ग) "नगर खेलकुद विकास समिति" भन्नाले मंगलसेन नगरपालिकाको नगर कार्यपालिकाबाट गठित नगर खेलकुद विकास समिति सम्झनु पर्छ ।
(घ) "खेलकुद प्रशिक्षण समिति" भन्नाले नगर खेलकुद विकास समिति गठन गरेका सम्बन्धित विषयगत खेलकुद प्रशिक्षण समितिलाई सम्झनु पर्छ ।
(ङ) "टिम, क्लव, संघ, संस्था" भन्नाले मंगलसेन नगरपालिकामा कार्यक्षेत्र भएका नियमानुसार दर्ता भएका मंगलसेन नगरपालिका क्षेत्र भित्रका टिम,क्लव र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।
(च) "खेलाडी" भन्नाले टिम, क्लव, संघ संस्थामा सम्वद्ध खेलाडी सम्झनु पर्छ ।
(छ) "प्रशिक्षार्थी" भन्नाले मंगलसेन नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा
सहभागी खेलाडी, टिम, क्लव,संघ संस्थामा सम्वद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ ।
(ज) "प्रशिक्षक" भन्नाले मंगलसेन नगरपालिकाद्वारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव, संघ संस्था खेल प्रशिक्षक समितिमा सम्वद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।
(झ) "खेलकुद विकास कोष" भन्नाले मंगलसेन नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।
(ञ) "खेलाडी विवरण" भन्नाले टिम, क्लव, संघ संस्थाहरुले आफ्नो टिम, क्लव, संघ संस्थामा आवद्ध
भनि प्रमाणित गरी प्रत्येक वर्ष नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।
(ट) "खेलकुद पदाधिकारी" भन्नाले खेलकुद सम्वद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ ।

## परिच्छेद-२
## उद्देश्य

**३. नगर खेलकुद विकास समितिका उद्देश्यहरु :**
(क) नगरको खेलकुदलाई व्यवसायिक रुपमा विकास गर्न र व्यवसायिक खेलाडी उत्पादन गर्न नियमित प्रशिक्षण गर्दै खेलकुद पाठशालाको रुपमा विकास गर्न सकिने छ ।
(ख) कला, संस्कृति र खेलकुद विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने,
(ग) नगर क्षेत्र भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका विचमा समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने ।

(घ) स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

(ङ) टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

(च) खेलकुदको माध्यमबाट नगरबासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने ।

(छ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ज) खेलकुद विकासको निम्ती भौतिक पुर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने ।

(झ) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

(ञ) बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीविहरुलाई समेत शारीरिक व्यायाम खेलकुद स्वस्थ गर्न सहयोग पुऱ्याउने ।

(ट) मंगलसेन नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

(ठ) टिम, क्लव, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

(ड) नगरपालिका अन्तर्गत शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने,

(ढ) नगर खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्ने ।

(ण) खेलप्रेमी संघ संस्था, क्लव र अन्य महानुभावबाट खेल विकासको लागि सहयोग जुटाउन एक नगर खेलकुद विकास कोष खडा गर्न सकिनेछ ।

## परिच्छेद - ३

**४. नगर खेलकुद विकास समितिको गठन र बैठक कार्यविधी :** नगर कार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

(क) नगर स्तरीय खेलकुद विकास समिति ११ सदस्यीय हुनेछ । नगरपालिका भित्रका सामाजिक विकास, युवा तथा खेलकुद क्षेत्रमा योगदान गरेका व्यक्तिहरु मध्येबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य ७ जना गरी बढीमा ११ सदस्यीय समिति हुनेछ । खेलकुद समितिका पदाधिकारी तथा सदस्यहरुको नियुक्ति नगर कार्यपालिकाको निर्णयानुसार गरिनेछ ।

(ख) नगर कार्यपालिकाले तोकेको कर्मचारी सदस्य-सचिव हुनेछ । यसरी सदस्य-सचिव नतोक्दा सम्म शिक्षा शाखाको प्रमुखले सदस्य सचिवको काम गर्नु पर्नेछ ।

(ग) समितिका पदाधिकारी तथा सदस्यहरुको नियुक्ति बढीमा २ वर्षको लागि हुनेछ । नगर कार्यपालिकाले पुन: नियुक्ति गर्न सक्नेछ ।

**५.** नगर खेलकुद विकास समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । नगर कार्यपालिकाबाट पुन: नियुक्ति गर्न सक्नेछ ।

**६.** नगर खेलकुद समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

**७. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

(क) नगर खेलकुद विकास समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

(ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरी आयोजना, संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

(ग) राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगिताहरुमा नगरपालिकाको प्रतिनिधित्व गर्ने ।

(घ) नगर खेलकुद विकास समितिको बैठक बस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने/गराउने ।

**८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**
(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने, बैठक संचालन गर्ने ।

**९. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**
(क) नगर खेलकुद विकास समिति अन्तर्गतको सम्पूर्ण आर्थिक कारोबार चुस्त दुरुस्त राख्ने ।

**१०. सदस्य सचिवको काम कर्तव्य र अधिकार :**
(क) बैठकको पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सुची र सामग्री जुटाउने ।
(ख) बैठक माईन्युटिङ उठाउने र बैठक संचालन सम्वन्धी आवश्यक काम गर्ने ।

**११. सदस्यहरुको काम कर्तव्य र अधिकार :**
(क) समितिको बैठकमा उपस्थित हुने र निति, योजना निर्माणमा महत्वपुर्ण भुमिका निर्वाह गर्ने ।
(ख) समितिको निर्णय कार्यान्वयमा सहयोग पुर्याउने ।
(ग) विषयगत खेल प्रशिक्षण समिति, आयोजित खेल, दर्ता टिम,क्लव संस्थाले आयोजना गरेको, प्रशिक्षण, सभा, गोष्ठी मा नगर खेलकुद विकास समितिले तोके बमोजिम प्रतिनिधीत्व गर्ने र अनुगमन गरी समितिमा सल्लाह दिने ।(घ) समितिको निर्णय बमोजिम तोकिएको जिम्मेवारी वहन गर्ने ।

**१२. सल्लाकार समितिको गठन :** नगर खेलकुद विकास समितिले आवश्यकता अनुसार सल्लाहाकार समितिको गठन गर्न सक्नेछ ।

# परिच्छेद-४
# नगर क्षेत्र भित्रका टिम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

**१३.** मंगलसेन नगरपालिका भित्रका टिम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद विकास समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फारम शुल्क रु. १०।-, दर्ता शुल्क रु २५०।- सम्वन्धित वडा अध्यक्षको सिफारिस सहित निवेदन गर्न आएमा खेलकुद समितिले दर्ता गर्ने निर्णय गरेपश्चात नगरपालिकाको युवा तथा खेलकुद शाखामा दर्ता गरी अभिलेख राख्नु पर्ने छ । दर्ता गरीएको टिम, क्लव, समिति र संघ संस्थाले वार्षिक रुपमा रु.२५०।- नविकरण शुल्क सहित निवेदन गरी नविकरण गर्नु पर्ने छ ।

**१४.** दर्ता भएका टिम, क्लव, संघ संस्थाले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद विकास समितिबाट स्वीकृति लिनु पर्नेछ ।

**१५.** दर्ता र नवीकरण गर्नु भन्दा पहिले नगर खेलकुद विकास समिति वा समितिले तोकेको प्रतिनिधिद्वारा सम्वन्धित ठाउँको निरीक्षण गर्नुपर्नेछ ।

**१६.** नगर खेलकुद विकास समितिमा दर्ता भएका टिम, क्लव, संघ संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद विकास समितिको सिफारीसमा नगरपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराउनेछ ।
(क) वडा व्यापी प्रतियोगिता लागि (वर्षमा १ पटक ) बढीमा रु. ५०००।- देखि १०,०००।-सम्म,
(ख) नगर व्यापी प्रतियोगिताका लागि (वर्षमा १ पटक ) बढीमा रु. १०,०००।- देखि २०,०००।- सम्म,
(ग) उपत्यका र जिल्ला व्यापी प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा रु.१५,०००।- देखि रु.३०,०००।- सम्म,
(घ) प्रोदेशिक वा राष्ट्रिय स्तरको प्रतियोगिताका लागि (वर्षमा १ पटक) बढीमा रु.२०,०००।- देखि रु.५०,०००।- सम्म,
(ङ) नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुर्याउने प्रतियोगिताहरुको सम्वन्धमा उपयुक्त ढंगबाट सहयोग पुर्याउने नगरपालिका समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१७.** नगर खेलकुद विकास समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ ।

**१८.** नगर खेलकुद विकास समितिले टिम दर्ता निवेदन फारम, नविकरण फारम, प्रशिक्षक/प्रशिक्षर्थि फारम, परिचय पत्र, दर्ता प्रमाण पत्र आदिको ढाँचा निर्धारण गरी लागु गर्नेछ ।

## परिच्छेद-५
## खेलकुद गोष्ठी, सभा,कार्यक्रम व्यवस्थापन

**१९.** नगरपालिकालेराष्ट्रिय, अन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ ।

**२०.** खेलकुद विकासको लागि सभा, सम्मेलन , गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

**२१.** राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकहरुको सम्मान, बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

**२२.** मंगलसेन नगरको कला, संस्कृति र खेलकुद विकासका लागि आवश्यकता अनुसार टिम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको र्‍याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद-६
## खेलकुद प्रतियोगिता व्यवस्थापन

**२३.** अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तराष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टिम, क्लव, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराईनेछ ।

**२४.** नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टिमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

**२५.** नगर खेलकुद विकास समिति आफैले वा नगरपालिकाले दर्ता भएका टिम, क्लब, संघ संस्था मार्फत विभिन्न खेलकुद प्रतियोगिता गर्न वा गराउन सक्नेछ ।

**२६.** नगर खेलकुद विकास समिति आफैले वा नगर भित्रका टिम, क्लव, संघ संस्था मार्फत राष्ट्रिय र अन्तराष्ट्रिय टिम संग मैत्री पुर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

**(१) जिल्ला भित्र भाग लिन जानेको हकमा :**

(क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागी हुने खर्च उपलब्ध गराईनेछ ।

(ख) प्रतियोगिता खेल अवधी भर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन रु. ७००।- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

(ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.५,०००।- सम्मको सुविधा दिन सक्नेछ ।

**(२) जिल्ला बहिर भाग लिन जाने हकमा :**

(क) प्रतियोगितामा भाग लिन जाँदा खान ,बस्न र पारवहनका लागि खर्च उपलब्ध गराईनेछ ।

(ख) प्रतियोगिता खेल अवधी भर बढी दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई
प्रतिदिन रु ७००/- दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

(ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु.५०००/- सम्मको सुविधा दिन सक्नेछ ।

(घ) प्रतियोगितामा जान आउन सम्भव भए सम्म स्थल मार्ग र सार्वजनिक यातायात प्रयोग गर्नु पर्नेछ ।

## परिच्छेद-७
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

**२७.** नगर खेलकुद विकास समितिले खेलकुद विकास र खेलाडीको स्तर बृद्धि गर्नका लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

**२८.** प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद विकास समितिका प्रतिनिधि र वडा अध्यक्षको सिफारिस सहित नगर खेलकुद विकास समितिको निर्धारीत फारम बुझाई आवेदन दिनुपर्नेछ ।

**२९.** प्रशिक्षार्थीहरुले फारम शुल्क रु. १०।- मासिक शुल्क रु. ५०।- बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु. २००।- लाग्ने छ ।

**३०.** प्रशिक्षक सहभागी टिम क्लव, संघ संस्था र विधालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनु पर्ने र फारम शुल्क रु. १०।- दर्ता शुल्क रु. ५००।- लाग्ने छ ।

**३१.** कुनै खेल प्रशिक्षकको लागी सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एक जना प्रशिक्षक, एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिने छ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद विकास समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

**३२.** कुनै पनि खेलको प्रशिक्षण अवधी एक पटकमा बढीमा १ वर्षको लागि हुने छ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

**३३.** प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

**३४.** प्रशिक्षकले आवश्यक सामानको सुची तयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामग्रीको अभिलेख राखि हिफाजत गर्ने, प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र क्याकेज प्रोग्राम (प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

**३५.** प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तीमा दिनको २ घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

**३६.** स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद विकास समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

**३७.** कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षण वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद-८
## नगर खेलकुद विकास कोषको व्यवस्था

**३८.** खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि मंगलसेन नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

**३९. कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ :-**

(क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

(ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएका रकम ,

(ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शूल्क र भर्ना रकम ,

(घ) नगर भित्रका टिम, क्लव दर्ता आवेदन शुल्क, नवीकरण शुल्क र फारम शुल्क ।

**४०.** यस कोषको संचालन नगर खेलकुद विकास समितिको निर्णय अनुसार हुनेछ ।

**४१.** नगर खेलकुद विकास समितिको अध्यक्षले बढीमा रु. १०,०००।- सम्म कोषबाट खर्च गर्न सक्नेछ । यसरी गरीएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौट पर्नुपर्नेछ ।

## परिच्छेद-९
## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

**४२.** कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

**४३.** विशेष तरिकाले मर्मत गर्न सम्वन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद विकास समितिले कोषबाट मर्मत संभार गर्नेछ । तर रकम अपुग र कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारिस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

**४४.** खेलकुद पूर्वाधार (स्टेडीयम, खेलकुद भवन, मैदान, ट्र्याक आदि) को व्यवस्था गर्न नगर खेलकुद विकास समितिको निर्णयअनुसार माग भई आएका नगरपालिकाले यस्तो पूर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

# परिच्छेद-१०

# विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

**४५.** नगर खेलकुद विकास समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुसाशित खेलाडी तयार गर्ने कार्यमा सम्वन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

**विषयगत खेल प्रशिक्षण समिति सम्वन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछ :**

(क) नगर खेलकुद विकास समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्वन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

(ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

(ग) यस समितिले सम्वन्धीत खेलकुद प्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

(घ) प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।

(ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडीङ्ग प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

(च) प्रशिक्षण केन्द्रमा धार्मिक, सम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

(छ) नगर खेलकुद विकास समितिको नीति, नियम र निर्देशनलाई पालन गर्ने र गर्न लगाउने छ ।

(ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य
वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

(झ) यस समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यकता अनुसार बस्नेछ ।

(ञ) नगर खेलकुद विकास समितिको निर्देशानुसार सम्वन्धीत खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

(ट) खेलाडीलाई अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्वन गर्न सक्नेछ । तोकेको अवधीमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

(ठ) अनुशासनको कार्वाही गर्ने क्रममा सम्वन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिईनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदन माथि नगर खेलकुद विकास समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

(ड) नगर खेलकुद विकास समितिको निर्णय अनुसार थपघट वा संसोधन वा क्षमायाचना गर्न सक्नेछ ।

# परिच्छेद-११

# अनुशासनको कारवाही, दण्ड, सजाय र पुरस्कार र विविध

**४६. अनुशासनको कारवाही :** खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिताको उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटक चेतावनी दिन सक्नेछ । तर एक वर्षमा ३ पटक भन्दा बढी चेतावनी पाई सकेका खेलाडी,प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता/प्रशिक्षण/व्यवस्थापनमा सहभागी हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारिसमा नगर खेलकुद विकास समितिले निलम्वन गर्न सक्नेछ ।

**४७.** वर्ष भरीका उत्कुष्ट खेलाडी, प्रशिक्षण, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद विकास समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

**४८. खारेजी र बचाउः**

(१) यस कार्यविधिमा भएका व्यवस्था प्रचलित कानुनसँग बाँझिएमा सम्बिन्धित कानुन बमोजिम नै हुनेछ ।

(२) यस कार्यविधि संशोधन तथा खारेजी नगर कार्यपालिकाले गर्न सक्नेछ ।